माननीय प्रदेश प्रमुख ज्यू
उच्च अदालत विराटनगरका माननीय मुख्य न्यायाधीश ज्यू
प्रदेश सभाका माननीय सभामुख ज्यू
प्रदेश सरकारका माननीय मन्त्री ज्यूहरु
प्रदेश सभाका माननीय सदस्य ज्यूहरु
प्रदेशका विभिन्न संवैधानिक निकायका प्रमुख तथा पदाधिकारीहरु
प्रदेश सरकारका प्रमुख सचिवलगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु
सुरक्षा निकायका प्रमुख तथा सम्पूर्ण सुरक्षाकर्मी मित्रहरु
उद्योगी, व्यापारीहरु
संचारकर्मी मित्रहरु
प्रदेशबासी सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरु
भद्र महिला तथा सज्जन वृन्दहरु

नेपाली जनताको सात दशक भन्दा लामो अथक संघर्ष र बलिदानबाट प्राप्त भएको संविधान घोषणा भएको दिन अर्थात संविधान दिवस एवम् राष्ट्रिय दिवसको यो गौरवमय सुखद अवसरमा सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

आजकै दिन ९ वर्षअघि २०७२ सालमा जननिर्वाचित संविधानसभाद्वारा नेपालको संविधान जारी भएको थियो । त्यो ऐतिहासिक क्षणको सम्झना र सम्मान गर्न हामीले संविधान दिवसलाई राष्ट्रिय दिवसको रूपमा समेत मनाइरहेका छौं ।

संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाका लागि मुलुकमा सकारात्मक परिवर्तन र जनताका अधिकारहरुको प्राप्तिका लागि भएका विभिन्न संघर्ण र आन्दोलनका क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु । साथै मुलुकमा लोकतान्त्रिक शासन प्रणाली स्थापना गर्नका लागि भएका आन्दोलनलाई पथप्रदर्शन गर्नुहुने सम्पूर्ण अग्रजहरूप्रति सम्मान एवं आदारभाव व्यक्त गर्दछु ।

नेपाली जनताको सात दशकदेखिको आफ्नो संविधान आफै लेख्ने चाहाना २०६२-६३ को जनआन्दोलनको जगमा २०७२ साल असोज ३ गते सम्भव भयो । २००७ सालको जनक्रान्ति, २०१७ पछाडि पञ्चायती व्यवस्थाविरुद्धको आन्दोलन, २०३६ सालको जनमत संग्रह, २०४६ सालको आन्दोलन र विभिन्न समयमा भएका विभिन्न खालका व्यवस्था परिवर्तन तथा अधिकार प्राप्तिका आन्दोलनहरुको जगमा २०७२ सालमा संविधान निर्माण हुन सम्भव भएको हो ।

नेपाली जनताको संघर्ष र बलिदानको माध्यमबाट बनेको यो नेपालको संविधान विश्वकै उत्कृष्ट संविधान हो । संविधान गतिशील र तत्कालिन राजनीतिक शक्ति सन्तुलनको दस्तावेज हो । संघीय लोकतान्त्रिक गणातन्त्रलाई संस्थागत गर्नका लागि संविधानको पूर्ण कार्यान्वयन आजको आवश्यकता

हो । संविधानको पूर्ण कार्यान्वयनबाट संघीयतालाई बलियो बनाउँदै मुलुकलाई आर्थिक समृद्धितर्फ लैजानु पर्ने अपरिहार्यता छ ।

राष्ट्रिय पुँजीको विकास गर्दै 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकांक्षालाई सार्थक तुल्याउन सबै एकजुट हुनुपर्ने आवश्यकता रहेको छ । संविधान जारी भएको एक दशकको अवधिमा यसको कार्यान्वयनका सन्दर्भमा देखिएका समस्या र समयानुकूल संसोधन गरेर जानुपर्ने आवश्यकता समेत महसुस भएको छ । यसका निम्ति मुलुकका प्रमुख राजनीतिक दलहरुबीच समान धारणा निर्माण हुन जरुरी छ ।

प्रस्तावनामै प्रस्ताव गरिएको समाजवादउन्मुख राष्ट्र निर्माणका लागि हामी सबैको हातेमालो र दृढ संकल्पको माग नेपालको संविधानले गर्दछ । वर्तमान संविधानले सामन्ती, निरंकुश र केन्द्रीकृत राज्य व्यवस्थाद्वारा सिर्जित सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषताहरुलाई आत्मसाथ गरेको छ ।

विविधता बीचको एकता, सामाजिक साँस्कृतिक ऐक्यवद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक एवं लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि/सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प संविधानले लिएको छ । आज यस पावन दिनमा संघीय शासन व्यवस्था अनुरुप संघीयता कार्यान्वयनलाई सफल बनाउन प्रदेश संरचनाले आफ्नो स्थापनादेखि महत्वपूर्ण भूमिका खेलेको मैले महसुस गरेको छु ।

संविधान दिवसको यस दिनमा प्रदेशलाई देखिने, सुनिने र महसुस हुनेगरी कोशी प्रदेश सरकारलाई अघि बढाउने प्रतिवद्धतासमेत व्यक्त गर्दछ । अहिले नेपालको सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको छ । जनता राज्यशक्तिको स्रोत भएका छन् । यी सबै संविधान कै देन हुन् ।

जनताको राजनीतिक अधिकार प्राप्तिका लागि गरिने संघर्षको चरण सम्पन्न भएपनि अब मुलुकलाई सामाजिक न्यायसहितको आर्थिक समृद्धिको दिशातर्फ अघि बढाउनुपर्ने दायित्व हाम्रो काँधमा आएको छ । यसै अनुसार कोशी प्रदेश सरकारले पनि संविधानको मर्मलाई बोकेर काम गरिरहेको छ ।

आजको यस दिनले 'समृद्ध नेपाल, सुखी नेपाली' को साझा राष्ट्रिय संकल्प हासिल गर्न सबै जनप्रतिनिधिमूलक संस्था, राजनीतिक दल तथा राज्यका सबै अंगलाई संवैधानिक मूल्य एवं मान्यताहरू कार्यान्वयन गर्न प्रेरणा दिने अपेक्षा लिएको छु । संविधानको मर्म र भावनालाई व्यवहारमा रूपान्तरण गर्न हामी सबै राजनीतिक दल, जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, नागरिक समाज र समाजका अग्रज व्यक्तित्वहरुले मन, वचन र कर्मले समर्पित भई आ-आफ्नो तर्फबाट सकारात्मक प्रयास जारी राख्न समेत अनुरोध गर्न चाहन्छु ।

नेपाली राजनीतिमा पछिल्लो पटकको सत्ता समीकरणमा दुई प्रमुख दलहरु नेकपा (एमाले) र नेपाली कांग्रेसको सहकार्यमा मुलुकमा समयानुकुल संविधान संसोधन, सुशासन, सामाजिक न्याय, समुन्नति र विकासलाई प्राथमिकतामा राखी स्थिर सरकारका माध्यमबाट जन भावनाको कदर गर्दै कार्य गर्ने उद्देश्य रहेको जाहेर नै छ । उक्त सहमतिका आधारमा कोशी प्रदेशमा नेकपा (एमाले) र नेपाली कांग्रेसको सहमतिको सरकार संचालनमा छ ।

सहकार्य, सहअस्तित्व र श्रोतको समुचित वितरणबाट प्रदेश संरचनालाई बलियो बनाउँदै तीनै तहका सरकारहरु बीचको समन्वयले नै आर्थिक समृद्धि सम्भव छ । बहुजाती, बहुभाषी, बहुसांस्कृतिले भरिएको हाम्रो मुलुकमा सबै जातजाति, भाषा, धर्म र संस्कृतिको संरक्षण गर्दै सबैको साझा फूलबारीका रुपमा हामीले हाम्रो परम्परा र संस्कृतिलाई जोगाउनु पर्ने छ । यो मुल उदेश्यका साथ हामी सबै मिलेर संविधान कार्यान्वयन गर्न सक्नुपर्छ ।

कोशी प्रदेश सरकार २०७४ फागुन ३ गते स्थापित भएपछि प्रदेश संरचनालाई स्थापित गर्ने र प्रदेशबासीको चाहानालाई पूरा गर्दै संविधानको कार्यान्वयनमा कटिबद्ध छ । कतिपय सन्दर्भमा संविधानका केही विषयमा प्रश्नहरु एठ्ने गरेका छन् । त्यस्ता विषयहरु आम सहमति, सहकार्य र एकताको माध्यमबाट संविधानको मूल मर्मलाई जोगाएर टुंग्याउनु पर्दछ ।

कोशी प्रदेश सरकार संविधान कार्यान्वयनको सन्दर्भमा, प्रदेशका अधिकारहरुलाई सुनिश्चित र सुरक्षित गर्नका लागि प्रदेश सभामार्फत कानून बनाएर अघि बढिरहेको स्मरण गराउन चाहन्छु । प्रदेशलाई समृद्ध, बलियो बनाउनका लागि आवश्यक पहलकदमी लिँदै संघीय सरकारसँग समन्वय गरिरहेका छौं ।

प्रदेश सरकार सुरुङयात्रामा हिँड्दाजस्तो अवस्थामा छ । दायाँ कुम चलाउँदा संघीय सरकार ठोक्किने, बायाँ चलायो स्थानीय सरकार ठोक्किने, अलिकति उफ्रिएमा माथिको पर्खालमा ठोक्किने, यस्तो परिस्थितिबाट प्रदेशलाई बलियो बनाउँदै आफ्ना अधिकारहरु खोज्दै जनतामा आशाको सञ्चार जागृत गराउने कार्यमा दत्तचित्त भएर लागीरहेका छौं ।

पछिल्लोपटक मेरो नेतृत्वमा सरकार बनेपछि प्रदेशमा सुशासन र विकासका ढोकाहरु खोलिएका छन् । निर्माण सम्पन्न परियोजनाहरुको उद्घाटन, गुणस्तरीय सडकहरुको सञ्चालन र सेवाप्रवाहमा चुस्ततालै थोरै मात्रामा भए पनि राहत प्रदान गर्ने कोसिस भएको छ । देशका दुई ठूला राजनीतिक शक्तिहरुबीचको सहकार्यबाट पनि नागरिकहरुमा उत्साह छाएको छ ।

संविधानको मर्म र भावनाविपरीत राज्य सञ्चालनमा प्रकट भएका तमाम विचलनहरुलाई रोकी संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्न विद्यमान आर्थिक शिथिलता, दण्डहिनता एवं व्याप्त निराशालाई चिर्दै प्रदेशबासी जनतामा प्रदेश संरचनाप्रति आशा र भरोसा पैदा गर्न, विशेषतः युवाहरुमा प्रकट नैराश्यता, आक्रोस र नकारात्मक सोचमा परिवर्तन गर्नु पर्ने आवश्यकता महसुस भएको छ ।

सबै संघर्ष र आन्दोलनले ल्याएको दुरगामी महत्वका उपलब्धिको रक्षा, विकास र प्रवर्धन गर्न, राष्ट्रिय स्वाधिनता, सार्वभौमसत्ता तथा भौगोलिक अखण्डता र नेपाल राष्ट्र तथा कोशी प्रदेशबासी दिदीबहिनी तथा दाजुभाइको सर्वोपरी हितलाई केन्द्रमा राखी सुदृढ र सन्तुलित विकास गर्नु आजको आवश्यकता हो ।

प्रत्येक प्रदेशबासीलाई आफ्नो इतिहास, स्वाभिमान, संघर्ष, बलिदान, परिवर्तन र उपलब्धिप्रति गौरवबोध गराउन; राष्ट्रिय आवश्यकता तथा जनचाहाना अनुरूप समाजवाद उन्मुख आर्थिक-सामाजिक रूपान्तरणका लागि राजनीतिक स्थायित्व, सुशासन, विकास र सामाजिक न्यायसहित समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्नु पर्दछ । साथै, 'स्वच्छ, समुन्नत र सुखी प्रदेशबासी' को दीर्घकालीन प्रादेशिक सोचलाई पूरा गर्ने संकल्पका साथ हामी अघि बढिरहेका छौं ।

आम जनताको चाहनाबमोजिम राष्ट्रिय हितको रक्षा गर्न, भ्रष्ट्राचार नियन्त्रण गरी मुलुकमा सुशासन कायम गर्न, राष्ट्रको विकास निर्माण अभियानलाई तीव्रता दिन र राजनीतिक स्थिरताका हामी प्रतिवद्ध छौं । संविधान लागु भएपश्चात अभ्यासमा देखा परेका सबल पक्ष र दुर्बल पक्ष तथा जटिलताको समीक्षा गरी राजनीतिक स्थायित्वका लागि संविधानमा आवश्यक संशोधन र तदनुकुलको कानुन निर्माणलाई प्राथमिकता दिनु पर्दछ ।

अर्थतन्त्रको विद्यमान शिथिलतालाई अन्त्य गरी विश्वसनीय व्यवसायिक वातावरणा तयारी गरी आर्थिक गतिविधिलाई चलायमान बनाउँदै राष्ट्रिय पूँजीको विकास गर्ने, आन्तरिक र बाह्य लगानीलाई प्रोत्साहन गरी मुलुकभित्र पर्याप्त र मर्यादित रोजगारी सिर्जना गर्ने हाम्रो अठोट छ । संकल्प रहेको छ । प्रदेशमा डिजिटलाइजेसन, पर्यटन, कृषि, ऊर्जा र हरित औद्योगिकीकरणलाई रोजगारमुलक आर्थिक वृद्धि एवं संरचनात्मक रूपान्तरणका नयाँ आधारका रूपमा परिभाषित गर्दै दिगो विकास लक्ष्य हासिल गरी सम्मानजनक आय सहितको स्वच्छ, समुन्नत र सुखी प्रदेशबासी बनाउने अभियानमा हामी समर्पित भएर अघि बढेका छौं ।

अन्त्यमा, संविधान दिवस तथा राष्ट्रिय दिवसका सन्दर्भमा कोशी प्रदेश सरकारले आयोजना गरेका विभिन्न साँस्कृतिक झाँकी, विद्यार्थीहरु बीचको निबन्ध लेखन र खुला महिला वक्तृत्वकला प्रतियोगितामा आफ्नो उल्लेखनीय सहभागिता जनाउनु हुने तथा विभिन्न स्थान प्राप्त गर्नुहुने सम्पूर्ण महानुभावहरुलाई हार्दिक बधाई, शुभकामना एवं उत्तरोत्तर प्रगतिको कामनासहित सम्पूर्ण नेपाली दिदिबहिनी तथा दाजुभाइहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद !